# रामेछाप नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामेछाप बजार, रामेछाप
## बागमती प्रदेश, नेपाल


प.सं. २०८३/०८४
च.नं. ४९८

मितिः २०८३/०६/२३
ने.सं. ११४६

रामेछाप नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामेछाप बजार रामेछाप बागमती प्रदेश, नेपाल

**विषयः किसान सूचीकरण प्रणालीको अभिलेख प्रमाणीकरण गर्ने सम्बन्धमा।**

श्री वडा अध्यक्ष / वडा सचिव ज्यू,
वडा कार्यसमितिको कार्यालय, वडा नं. (१-९ सबै)
रामेछाप नगरपालिका, रामेछाप।

प्रस्तुत विषयमा, कृषि, वन तथा पर्यावरण मन्त्रालयको मिति २०८३/०६/०८ को परिपत्र अनुसार कृषि कार्यक्रमहरू कार्यान्वयन गर्दा कृषकको किसान सूचीकरण नम्वर अनिवार्य गरिएको अवगत नै छ। सोही सन्दर्भमा किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ को परिच्छेद-३ (दफा ९) बमोजिम वडा भित्रका कृषकहरूको अभिलेख प्रमाणीकरण गर्न वडाको आधिकारिक इमेल मार्फत लगइन खाता र पासवर्ड सिर्जना गरी पठाइएको छ। निर्देशिकाको परिच्छेद-३ को कानुनी व्यवस्था बमोजिम देहायका प्रक्रियाहरू अनिवार्य रूपमा पूर्ण रूपमा कार्यान्वयन गरिदिनुहुन अनुरोध गरिन्छः

देहाय (परिच्छेद-३, दफा ९ बमोजिम सम्पादन गर्नुपर्ने कानुनी प्रक्रियाहरू):

१. विवरण पेस (उपदफा १): जिम्मेवार कर्मचारी/प्राविधिकले farmer.moald.gov.np मा लगइन गरी वडामा अनलाइन प्रविष्ट भएका कृषकहरूको विवरण सूची वडा समिति समक्ष पेस गर्ने।

२. १५ दिने सूचना (उपदफा २): सूचीउपर समुदायमा दावी विरोध वा उजुरीका लागि अनिवार्य १५ (पन्ध्र) दिनको सार्वजनिक सूचना वडा कार्यालय तथा टोलहरूमा प्रकाशन/टाँस गर्ने।

३. उजुरी नपरेकाको सिफारिस (उपदफा ३): म्यादभित्र कुनै दाबी विरोध प्राप्त नभएमा कृषकको पहिचान र वर्गीकरणका लागि प्राप्त विवरण प्रणालीमार्फत नगर कार्यपालिकामा सिफारिस गर्ने।

४. स्थलगत छानविन (उपदफा ४): सूचीमा उजुरी वा दावी विरोध पर्न आएमा वडा समिति आफैले अनिवार्य रूपमा स्थलगत अवलोकन तथा आवश्यक छानविन गरी निर्णय गर्ने।

५. पुनरावलोकन (उपदफा ५ र ६): वडाको निर्णयमा आवेदकको चित्त नबुझी पालिकामा निवेदन परेमा वा कार्यपालिकाबाट सूची संशोधनको निर्देशन आएमा संशोधित विवरण पुनः प्रणालीमार्फत पेस गर्ने।

६. अन्तिम जाँचबुझ (उपदफा ७): वडाबाट सिफारिस भई आएका विवरणहरूको कार्यपालिकाले जाँचबुझ गरी किसान परिचयपत्रका लागि सिफारिस सहित प्रणालीमार्फत केन्द्रमा पठाउने।

७. रुजु गर्ने कानुनी आधार (उपदफा ८): वडा समितिले सिफारिस गर्नु पूर्व कृषकको (क) प्रविष्ट विवरण, (ख) नेपाली नागरिकता, (ग) स्थायी बसोबास/कृषि कर्मको प्रमाण, र (घ) जमिनको स्वामित्व (लालपुर्जा) वा करार/अधिया/ठेक्कामा कृषि कर्म गरेको भए सोको सम्झौता पत्र अनिवार्य रुजु गर्ने।

कृषक अनुदान र कृषि बजेट खर्चसँग जोडिएको यो राष्ट्रिय प्राथमिकताको कार्यक्रम भएकोले परिच्छेद-३ को कानुनी मर्म बमोजिम समयमै प्रमाणीकरण सम्पन्न गरी सहयोग गरिदिनुहुन सिफारिस साथ सादर अनुरोध छ।

०८३/०६/२३

अनिल रोकाय
शाखा प्रमुख

हरिकृष्ण बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

हरिकृष्ण बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत


वेवसाइट:www.ramechhapmun.gov.np
इमेल:ramechhapmun@gmail.com
सम्पर्कः प्रशासन-०४८-४०००१२, प्र.प्र.अः ०४८-४००११६